Amritology 18-01-2015 Nepali

## एउटा जागृत् आत्माको भाग्य विधातासँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ । म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु ।

### म को हुँ?

म एउटा जागृत् आत्मा हुँ । मभित्र स्वलाई परिवर्तन गर्ने शक्ति छ । बाबाको सम्पत्तिमा मेरो पूरा अधिकार छ । मलाई यो स्पष्ट नजर आइरहेको छ–ब्रह्मा बाबा र शिव बाबाले मेरो भाग्य बनाइरहनुभएको छ ।

### म कसको हुँ? 1) आत्माको बाबासँग कुराकानी

मीठे बाबा– गुड मर्निङ्ग । मलाई आफ्नो गल्तीको महसुस भएको छ । स्वचिन्तनको सट्टा मैले परचिन्तनमा आफ्नो समय बिताएँ । स्व परिवर्तनको सट्टा म अरुलाई परिवर्तन गर्नमा लागिरहें । "म बाबाको कार्य गरिरहेको छु, बाबा प्रत्यक्ष हुनुहुनेछ" भन्ने सोच्नुको सट्टा "मैले यो कार्य बाबाको लागि गरेर म आफैं प्रत्यक्ष हुनेछु" भन्ने पो सोचँछु । मेरा यिनै गल्तीका कारण मलाई पद्म गुणाको सट्टा मुठीभर मात्रै मिल्नेछ, बाबा !

### 2) बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! जाग ! मसँग बस । अमृतवेला जब तिमी भाग्य बनाउने बाबासँग मिलन मनाउँछौ, त्यतिखेर तिमीलाई आफ्नो भाग्य बनाउने वरदान मिल्दछ । तर कोही त भाग्यशाली बन्दछन्, कोही सौभाग्यशाली बन्दछन् र कोही पद्मा पद्म भाग्यशाली बन्दछन् । बाबाले तिमीलाई दुई प्रकारका चाबी दिनुभएको छ । जब तिमी यी दुवै चाबीलाई सही दिशामा घुमाउँछौ, तबमात्रै तिम्रो भाग्यको ताला खेल्नेछ । पहिलो चाबी हो– "मेरो त एक बाबा, दोस्रो न कोही" । दोस्रो चाबी हो– "ब्रह्मा बाबाले मेरो भाग्य बनाइरहनु भएको छ" । यी दुवै चाबीलाई प्रयोग गर र आफ्नो भाग्यको खजानालाई प्राप्त गर । तिमीलाई सदा स्वस्थ शरीर, शान्त मन, बेहदको सम्पत्ति, विश्वको बादशाही र प्रकृतिका सम्पूर्ण सहयोग खाजानाका रुपमा मिलिरहेका छन् ।

### बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ । बाबा शान्तिका सागर हुनुहुन्छ । यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु ।

### बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिस्ता स्वरुप स्पष्ट देखिइरहेको छ । बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई वरदान दिइरहनुभएको छ– जसरी कुनै चीज बनाउँछन्, जब त्यो बनेर तयार हुन्छ, तब त्यसले किनारा छोडिदिन्छ । तिमीले पनि सबै लगावबाट किनारा गरेर आफ्नो दिल उहाँ एक सुन्दर बाबासँग नै लगाएका छौ । यसैले तिमी सबैबाट किनारा गरेर सम्पूर्ण फरिस्ता बनिरहेका छौ ।

### बेहदको सूक्ष्म सेवा ; आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, म पूरै विश्वलाई दान दिइरहेको छु । आफ्नो फरिस्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरुलाई यो वरदान दिइरहेको छु ।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं । चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं । कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं । ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं । आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं ।